घोराही उप महानगरपालिका
**नगर कार्यपालिकाको कार्यालय**
घोराही दाङ,लुम्बिनी प्रदेश नेपाल

फोन फ्याक्स :०८२५६०१६२
५६०२४३
५६१२६८
५६०७००
बारुण यन्त्र :०८२५६०४९९
www.ghorahimun.gov.np


प. स :२०७९/०८०
च.नं. ५६६४

मिति :२०८०/०२/२४

श्री वडा कार्यालय सबै
घोराही उप महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय घोराही दाङ ।

विषय: सार्वजनिक जग्गा व्यवस्थापन समूह गठन सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस गाउँपालिकामा सञ्चालित समृद्धिको लागि वन परियोजना अन्तरगत सार्वजनिक जग्गा व्यवस्थापन समूह गठन गरि वृक्षारोपण, कृषिबन स्थापना, जल तथा माटो संरक्षण समेत गर्ने कार्यक्रम रहेको र उक्त कार्यको लागि त्यस वडा अन्तरगत भएको सार्वजनिक जगाहरू कुन कुन स्थानमा रहेका छन् र कति क्षेत्रफलमा रहेका छन् सोको विवरण तयार गरि उपलब्ध गराई दिनुहुन परियोजनाको कार्यविधि पाना-१ यसै साथ संलग्न रहेको व्यहोरा समेत अनुरोध छ ।

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

भोजराज घिमिरे
प्रमुख प्रशासकीय अधिकृत

श्री सूचना प्रविधि शाखा- Website मा राखिदिनु हुन ।

## सार्वजनीक जग्गा व्यवस्थापन समुह गठन तथा क्षमता विकास कार्यक्रम

यो क्रियाकलाप सुविधविमूख घरधुरीहरु (जस्तै महिला प्रमुख रहेको, गरीव, भूमिहीन आदी ) समाबेश रहेका साना समूहहरु स्थापना गर्नमा सहयोग गर्न लागी हो, र स्थापित समुहहरुलाई सार्वजनिक जग्गाहरुमा वृक्षरोपणहरु स्थापना गर्न सहयोग उपलब्ध गरिनेछ । यस्तो सार्वजनीक जग्गा व्यवस्थापन समूहहरुको गठनले नगद तथा खाद्य स्रोतहरु पैदा गर्नका लागि भूमिको अभाव भएका गरीब घरधुरीहरुलाई एउटा वास्तविक अवसर उपलब्ध गर्ने भएकाले विगतमा यो क्रियाकलाप लोकप्रिय सावित भएको छ । यो क्रियाकलाप स्थानीय सरकारहरुद्वारा खरिद गरिएका सेवा प्रदायकहरु ( सामान्यतया गैहसरकारी संस्थाहरु ) ले समूहहरुको गठन क्षमता सहयोग एवं प्राविधिक सल्लाह उपलब्ध गर्ने र परिणाममा आधारित भुक्तानीहरुका लागी अनुगमन गरेर सहयोग गर्नेछन् ।

विशेष गरी तराईमा सार्वजनिक जग्गाहरु सामान्यतया नदी वा मौसमी जलाधारका छेउछाउ अवस्थित छन् यहाँ बाढी आउने सम्भावना हुन्छ । त्यस्ता भूमीभित्र कृषि उत्पादनसँगै ( उदाहरणका लागी तरकारीहरु ) वृक्षरोपणहरु स्थापना गर्न पहिलो वर्ष साना समूहहरु ( १५ वटा घरधुरीहरुसम्मका ) लाई साना जग्गाहरु ( १ हेक्टर ) उपलब्ध गरिनेछ । त्यस्ता जग्गाहरु स्थानीय सरकारका स्वामित्वमा रहनेछन् भने सार्वजनीक जग्गा व्यवस्थापन समूका सदस्यहरुलाई तोकिएको अवधिका लागि उपलब्ध गराईनेछ । जग्गा उपलब्ध हुन नसकेको अवस्थामा सङ्घीय परियोजना व्यवस्थापन एकाईबाट प्राप्त निर्देशन अनुसार कार्य सञ्चालन गर्नु पर्नेछ ।

- समूहहरुमा सुविधविमूख घरधुरीहरु (जस्तै **महिला प्रमुख रहेको, गरीव, भूमिहीन आदी** ) समावेश गरिने
- साना समूहहरु ( **१५** वटा घरधुरीहरुसम्मका )
- जम्मा ३ देखि ४ वटासम्म समूहहरु गठन गर्ने
- सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुले सार्वजनीक जग्गा व्यवस्थापन गर्ने (सार्वजनिक जग्गाहरुमा वृक्षरोपणहरु / कृषि वन स्थापना र माटो र जल संरक्षण )
- सार्वजनिक जग्गा व्यवस्थापन समूहहरुलाई वृक्षरोपण स्थापना गर्न अनुदान उपलब्ध गरीनेछ तर त्यस्तो अनुदान वृक्षरोपण सफलतापूर्वक स्थापना भएपछिमात्र उपलब्ध गरिनेछ (**परिणाममा आधारित भुक्तानी** )
- कम्तिमा साना जग्गाहरु ( १ हेक्टरसम्म ) उपलब्ध गरिने
- पालिका भरी जम्मा **२७ हेक्टरमा वृक्षरोपण** गरिने